# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, माघ १० गते २०३३ साल [ अतिरिक्ताङ्क ३६ (क)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

जनकपुर अञ्चल अदालतका अतिरिक्त अञ्चल न्यायाधीश श्री गोबिन्दबहादुर श्रेष्ठको एक सदस्यीय विशेष अदालत गठन गरिएको छ।

सो विशेष अदालतलाई राजकाज (अपराध र सजाय) ऐन, २०१६ अन्तर्गत देहायका मुद्दाहरू सो मुद्दा मुलतवी वा दायर रहेको मुद्दा हेर्ने सम्बन्धित अधिकारी वा अदालतबाट झिकी मुलतवी रहेकोमा मुलतवी समेत जगाई कारवाई किनारा गर्न सुम्पिएको छः–

(क) राजकाज (अपराध र सजाय) ऐन, २०१६ को दफा १० बमोजिम मुद्दा हेर्ने अधिकारीसमक्ष मुलतवी रहेका :–

(१) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको लुकाई छिपाई ल्याएको अवैध हात हतियार बरामद भएको मुद्दा—— —— —— —— —— —— —— —— ——१

८६३

(२) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको धरान फुसरे प्रहरी व्यारेकमा हाते बम हान्न लाग्दा बमबहादुर पक्राउ भएको मुद्दा — — — — — — — — — १

(३) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको अशोककुमार समेतले बम पेस्तोल उठाई अव्यवस्था उत्पन्न गरेको मुद्दा — — — — — — — — — — — १

(४) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको पञ्चायत व्यवस्थालाई पल्टाई लोकतन्त्र समाजवादी व्यवस्था स्थापना गर्न नुवाकोट, धादिङ्ग, रसुवामा जनक्रान्ति गर्नु पर्छ मुद्दा — — — — — — — — — — — १

(५) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको हैण्ड ग्रिनेड बरामद भएको मुद्दा— — — — — — १

(६) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको जनता भडकाई अशान्ति गराई सशस्त्र क्रान्ति गरी व्यवस्थालाई पल्टाउन पर्छ भन्ने मुद्दा — — — — — — — — १

(ख) राजकाज (अपराध र सजाय) ऐन, २०१६ को दफा १० बमोजिम मुद्दा हेर्ने अधिकारीसमक्ष दायर रहेको :—

वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको हैण्ड ग्रिनेड डिटोनेटर समेत र "स्पिड फायर" पत्रिका बरामद भएको मुद्दा — — — — — — — — — — — — — — — १

(ग) नेपाल राजपत्र भाग ३ मिति २०३०।३।३१ को कानून तथा न्याय मन्त्रालयको सूचनाबमोजिम गठित विशेष अदालतमा दायर रहेको :—

वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला र गणेशमान समेत भएको भू. पू. क. प. यज्ञबहादुर समेतले सोलु र ओखलढुङ्गामा हा हतियार समेत उठाई अशान्ति गर्न उद्योग गरेको राजकाज (अपराध र सजाय) ऐन, २०१६ अन्तर्गतको मुलतवी रहेको मुद्दा — — — — — १

सो विशेष अदालतले आफ्नो इजलाश नेपाल अधिराज्यभित्र जहाँसुकै कायम गर्न सक्नेछ।

आज्ञाले—
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

९६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।